बर्दिबास नगरपालिका स्थानिय राजपत्र खण्डः संख्याः

मिति २०८१/०९/०५

# स्थानिय राजपत्र

बर्दिवास नगरपालिकाद्वारा प्रकाशित

आर्थिक सहायता कार्यविधि, २०८१

बर्दिवास नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

महोत्तरी ।

मधेश प्रदेश

नेपाल

CamScanner

# आर्थिक सहायता कार्यविधि, २०८१

पेश गरेको मिति: २०८१/०९/०५

कार्यपालिकाबाट पारित मिति:२०८१/०९/०५

प्रस्तावना:

यस बर्दिबास नगरपालिकामा रहेका आर्थिक रुपले विपन्न, अशक्त, असहाय, जोखिममा परेका, दीर्घ रोगी, हिंसा पिडीत महिला, बालबालिका, बेवास्तामा परेका जेष्ठ नागरिक, प्राकृतिक प्रकोप वा अन्य कुनै विपतको कारण जोखिममा परेका नागरिकको संरक्षणको लागि न्यूनतम आर्थिक सहायता उपलब्ध गराउन वाञ्छनिय भएकोले बर्दिबास नगरकार्यपालिकाले स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम यो कार्यविधि बनाइएको छ ।

परिच्छेद १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ:

१.१ यस कार्यविधिको नाम "आर्थिक सहायता कार्यविधि, २०८१" रहेको छ ।

१.२ यो कार्यविधि बर्दिबास नगरपालिकाको कार्यपालिकाको बैठकबाट स्वीकृत भै स्थानिय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

१.३ "नगरपालिका" भन्नाले बर्दिबास नगरपालिकालाई सम्झनुपर्छ ।

१.४ "आर्थिक सहायता पाउन योग्य व्यक्ति" भन्नाले आर्थिक रुपले विपन्न, अशक्त, असहाय, जोखिममा परेका, दीर्घ रोगी, हिंसा पिडित महिला बालबालिका बेवास्तामा परेका जेष्ठ नागरिक प्राकृतिक प्रकोप वा अन्य कुनै विपतको कारण जोखिममा परेका व्यक्ति सम्झनु पर्छ ।

१.५ "प्रमुख" भन्नाले बर्दिबास नगरपालिकाको नगरप्रमुखलाई सम्झनु पर्छ ।

लगायतका अन्य प्रमाणित कागजात प्राप्त भए पश्चात बढीमा रु. २५ हजार सम्म आर्थिक सहायता उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद ३

## विविध

३.१ निवेदनको ढाँचा: आर्थिक सहायता पाउन निवेदन दिनु पर्नेछ । तर तत्काल उद्वार तथा राहत दिन आवश्यक भएकोमा कुनै माध्यमबाट नगरपालिकामा जानकारी हुनं आएमा निवेदन नपरेको अवस्थामा समेत नगरपालिकाले आफै नगद तथा जिन्सी सहायता यस कार्यविधि बमोजिम सहायता पाउने व्यक्तिलाई उपलब्ध गराउन सक्नेछ ।

३.२ निर्णय गरी सहायता उपलब्ध गराउनु पर्ने:

३.२.१ आर्थिक सहायता सम्बन्धी निर्णय गर्दा रु. २५ हजार सम्मको रकम तत्काल दिनु पर्ने आधार र कारण भएमा नगरप्रमुखको तोकादेश अनुसार उपलब्ध गराइनेछ । सो रकम भन्दा अन्य अवस्थामा नगरकार्यपालिकाको निर्णयानुसार आर्थिक सहायता उपलब्ध गराइनेछ ।

३.२.२ यस कार्यविधिमा उल्लेख भएको रकमको सीमा भन्दा बढी आर्थिक सहायता उपलब्ध गराउनु पर्ने अवस्था भएमा नगर कार्यपालिकाको निर्णयानुसार हुनेछ ।

४. सहायता सम्बन्धी बजेट व्यवस्थापन: यस कार्यविधिको अधिनमा रही खर्च गर्ने गरी वार्षिक रुपमा निश्चित रकम नगरसभाबाट विनियोजन भए बमोजिम आर्थिक सहायता उपलब्ध गराउनु पर्नेछ ।उक्त रकम सम्वन्धित शिर्षकमा अपुग नगरसभाबाट रकम थप गरी खर्च गर्न सकिनेछ साथै आवश्यकता हेरी नगर स्तरीय प्रकोप व्यवस्थापन कोष तथा वडा स्तरीय विपद तथा आपतकालिन कोषबाट समेत खर्च गर्न सकिनेछ ।

५. एक आर्थिक वर्षमा एक पटक आर्थिक सहयोग उपलब्ध गराइएको व्यक्ति, संस्थालाई दोहोरो पर्ने गरी पुन: आर्थिक सहयोग दिइने छैन ।

६. आर्थिक सहयोग प्राप्त गर्नका लागि अनिवार्य स्वास्थ्य बिमा गरेको हुनुपर्नेछ । स्वास्थ्य बिमा गरेको प्रमाण पेश गरे पश्चात मात्र आर्थिक सहायताको रकम भुक्तानी हुनेछ ।

७. बचाउ: यस आ.व. मा दिइएका आर्थिक सहायताहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

८. कार्यविधि संशोधन: यस कार्यविधिमा प्रचलित कानूनको प्रतिकुल नहुने गरी नगरकार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

९. बाधा अड्काउ फुकाउने: यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आइपरेमा यसको बाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकामा रहनेछ ।

प्रमुख प्रशासकीय अधिकृत